मधेश प्रदेश सरकार

# गृह, संचार तथा कानुन मन्त्रालय

धनुषा, जनकपुरधाम, नेपाल

**विषयः- प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धी कार्यविधि, २०८३ स्वीकृती सम्बन्धमा ।**

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः- २०८३/०२/२८

१.**विषयको संक्षिप्त व्यहोराः-** प्रदेश सरकार विभिन्न निकायका विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिएका सुरक्षाकर्मीहरुको (Protective Service Officer (PSO)) पोसाकमा एकरुपता कायम गर्न, विशिष्ट व्यक्तिहरुको मर्यादा कायम राख एवं निजहरुको सुरक्षा व्यवस्थालाई अझ प्रभावकारी वनाउन आवश्यक भएकोले उक्त कार्यविधीको मस्यौदा स्वीकृति सम्बन्धी प्रस्ताव मधेश प्रदेश मन्त्रिपरिषद समक्ष पेश गर्न आवश्यक रहेको ।

२.**प्राप्त परामर्श तथा अन्य प्रासांगिक कुराः-** अर्थ मन्त्रालय, मधेश प्रदेशको प.सं.२०८२।८३, च.नं. १२१०, मिति २०८३।०२।२५ को पत्रमार्फत सैद्धान्तिक सहमती प्राप्त भएको ।

३.**प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिसः-** प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा, पोसाकको गुणस्तर, पोसाकको विवरण तथा आवरण सम्बन्धि व्यवस्था गर्न आवश्यक भएको हुँदा "प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धी कार्यविधि, २०८३" को मस्यौदा स्वीकृती गर्ने सम्बन्धी प्रस्ताव मधेश प्रदेश सरकार मन्त्रिपरिषद समक्ष पेश गर्न विभागीय मन्त्रीबाट मिति २०८३/०२/२८ गते स्वीकृत प्राप्त भएकोले मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० को अनुसूची १ विषय संख्या १ बमोजिम यो प्रस्ताव पेश गरिएको ।

४.**निर्णय हुनुपर्ने व्यहोराः-** संलग्न "प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धी कार्यविधि, २०८३" स्वीकृत गर्ने।

मितिः- २०८३/०२/२८

..........................

गणेश नायक

नि. प्रदेश सचिव

नि. प्रदेश सचिव

श्री प्रदेश सचिव,
गृह, सञ्चार तथा कानुन मन्त्रालय,
मधेश प्रदेश, जनकपुरधाम ।

प्रदेशका विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्वन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने विषयको गृह, सञ्चार तथा कानुन मन्त्रालयको नं. ६/३-०८३/०२/२८ को प्रस्ताव प्र.मं.प.बै.सं. ११/०८३ मिति २०८३।०३।३१ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा मधेश प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० को नियम २३(१) बमोजिम अनुरोध गरेको छु –

<u>प्रदेश सरकारको निर्णय</u> –
"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(महेश बराल)
निमित्त प्रमुख सचिव
२०८३।०३।३१

**प्रदेश विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धी कार्यविधि, २०८३**

**प्रस्तावना:** प्रदेश सरकार विभिन्न निकायका विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिएका सुरक्षाकर्मीहरुको (Protective Service Officer (PSO)) पोसाकमा एकरुपता कायम गर्न, विशिष्ट व्यक्तिहरुको मर्यादा कायम राख एवं निजहरुको सुरक्षा व्यवस्थालाई अझ प्रभावकारी बनाउन आवश्यक भएकोले प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन,२०७५ को दफा २ को उपदफा(१) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"प्रदेशका विशिष्टव्यक्तिहरुको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्वन्धी कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि २०८३ साउन १ गते देखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "पोसाक" भन्नाले प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिएका सुरक्षाकर्मी (Protective Service Officer (PSO)) ले लगाउनुपर्ने अनुसूची- २ बमोजिमको छुट्टै पोसाक सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले सुरक्षाकर्मी खटिएको सम्बन्धित मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विशिष्ट व्यक्ति" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०८१' मा उल्लेख भए बमोजिमका व्यक्ति सम्झनु पर्छ ।

(ङ) "सुरक्षाकर्मी" भन्नाले प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मी सम्झनु पर्छ।

३. **पोसाक सुविधा प्रदान गरिने:** (१) प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई विशिष्ट व्यक्तिको सुरक्षामा खटिएको अवस्थामा छुट्टै पोसाक लगाउने प्रयोजनको लागि मन्त्रालयले निर्धारण गरे बमोजिम वार्षिक रुपमा पोसाक सुविधा वापतको रु १०,०००/- (दश हजार रुपैयाँ) रकम प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिम खटिएका सुरक्षाकर्मीले प्रत्येक वर्ष पहिलो एक पटक माघ महिनादेखि मात्र पाउनेछ तर,

(क) शुरु खटिएको सुरक्षाकर्मी वा यस कार्यविधि लागू हुँदा खटिएका सुरक्षाकर्मीले खटिएको समयदेखि नै पोसाक सुविधा पाउनेछ ।

नि. प्रदेश सचिव

(ख) एक पटक पोसाक सुविधा प्राप्त गरेको सुरक्षाकर्मी पुन सोही काममा दोहोर्याएर खटी आएमा वा एक वर्षभन्दा बढी निरन्तर खटिएको अवस्थामा निजले पुस मसान्तपछि मात्र यस किसिमको सुविधा पाउनेछ

(३) उपदफा (१) बमोजिमको सुविधा प्राप्त गर्न सुरक्षाकर्मीले प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षाको जिम्मेवारी प्राप्त गरेको सात दिनभित्र मन्त्रालयमा आफै उपस्थित भई अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भए पश्चात मन्त्रालयले सम्वन्धित सुरक्षाकर्मीको व्यक्तिगत बैंक खातामा उपदफा (१) बमोजिमको पोसाक सुविधा बापतको रकम प्रदान गर्नेछ।

४. <u>छुट्टै पोसाक लगाउनु पर्ने:</u> (१) सुरक्षाकर्मीले विशिष्ट व्यक्तिका साथ दैनिक कामकाजको क्रममा वा अन्य कुनै औपचारिक कार्यक्रम तथा समारोहमा उपस्थित हुँदाका बखत अनिवार्य रुपमा अनुसूची-२ बनोजिमको पौसाक अनिवार्य लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रयोजनको लागि निर्धारित पोसाक लगाउनको लागि सम्वन्धित सुरक्षाकर्मीले दफा ३ को उपदफा (१) बमोजिमको सुविधा प्राप्त गरेको सात दिनभित्र लगाई सक्नु पर्नेछ ।

५. <u>पोसाकको गुणस्तर:</u> सुरक्षाकर्मीले लगाउने पोसाक विशिष्ट व्यक्तिको मर्यादा कायम गर्न सक्ने गुणस्तर र आवरणको हुनु पर्नेछ ।

६. <u>पोसाकको आवरण:</u> सुरक्षाकर्मीको पोसाकको आवरण अनुसूची-३ बमोजिमको ढाँचामा हुनु पर्नेछ।

७. <u>पोसाक सुविधा लागू हुने:</u> विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम तोकिएका प्रदेशका विशिष्ट व्यक्तिका लागि प्रदेश प्रहरी कार्यालयबाट खटिएका सुरक्षाकर्मी (Protective Service Officer (PSO)) को लागि मात्र यो पोसाक सुविधा लागू हुनेछ ।

नि. प्रदेश सचिव

मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानुन मन्त्रालय
जनकपुरधाम, नेपाल

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

## पोसाक सुविधा बापतको रकम माग गर्ने निवेदनको ढाँचा

मिति.........................

विषय: पोसाक सुविधा वापतको रकम पाउँ भन्ने बारे।

.......................................मन्त्रालय,
मधेश प्रदेश, जनकपुरधाम ।

मधेश प्रदेश प्रहरी कार्यालयको च नं............. मिति...................... को पत्रानुसार प्रदेश सरकारका मा.मुख्यमन्त्री/मन्त्री/राज्यमन्त्री/सभामुख/उपसभामुख/प्रमुख प्रतिपक्ष दलका नेता/ प्रमुख सचिव/ गृह सञ्चार तथा कानुन मन्त्रालयका सचिवको व्यक्तिगत सुरक्षाकर्मीको रुपमा (नाम)............................................................ (पद).................................... संकेत नं........... मिति.............................का दिनवाट खटाएकोले तहाँ मन्त्रालयवाट प्रदान गरिने पोसाक सुविधा वापतको रकम तपसिल बमोजिमको मेरो व्यक्तिगत बैंक खाता मार्फत पाउँ, भनी सदर निवेदन गर्दछु।

बैंक खाताको विबरण:

१ बैंकको नाम................................................ शाखा कार्यालय.............................................।
२ बैंकको खाता नं..................................................................।
३ प्यान नं............................................................।

निवेदनका साथ संलग्न कागजात

१ मधेश प्रदेश प्रहरी कार्यालयबाट प्राप्त जिम्मेवारी पत्रको प्रतिलिपि ।
२ व्यक्तिगत बैंक खाताको चेकको प्रतिलिपि ।
३ पहिले यस किसिमको सुविधा मन्त्रालयबाट लिए नलिएको पुष्ट्याई, लिएको भए कहिले लिएको।

निवेदक:
...........................
(दस्तखत)
...........................
(नाम)

नि. प्रमुख सचिव

नि. प्रदेश सचिव

(दफा ४ को उपदफा (१) सँग सम्वन्धित)

<u>विशिष्ट व्यक्तिहरुको सुरक्षमा खटिने सुरक्षाकर्मीको पोसाकको विवरण</u>

<u>(१) जाडो मौसमको लागि</u>

(क) खैरो कोट, पाईन्ट (Dark Gray),

(ख) बैजनी सर्ट (Light Purple),

(ग) छालाको कालो जुत्ता र कालो मोजा (Black),

<u>(२) गर्मी मौसमको लागि</u>

(क) गाडा निला सफारी सुट पाइन्ट (Dark Blue),

(ख) छालाको कालो जुत्ता र कालो मोजा (Black),

<u>(३) गर्मी र जाडो दुबैको लाथि</u>

(क) निलो ट्र्याकसुट (Blue),

नि. प्रदेश सचिव

मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानून मन्त्रालय
नेपाल

अनुसूची

(दफा [illegible] सम्बन्धित)

## पोसाक आवरण

| विशिष्ट व्यक्तिको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले गर्मी मौसममा प्रयोग गर्ने पोसाक |
|---|





| विशिष्ट व्यक्तिको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले जाडो मौसममा प्रयोग गर्ने पोसाक |
|---|





**नोटः** विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मीले सुरक्षामा खटिएको बखत आफ्नो परिचयपत्र समेत अनिवार्य रुपमा माथि आवरणमा उल्लेख गरिए बमोजिम धारण गर्नु पर्नेछ।

नि. प्रदेश सचिव

प्र. प्रमुख सचिव

मधेश ... मुख्यमन्त्री त...